**नेपाल : तिब्बतमा चीनबाट भएको दमनको विरोध गर्ने तिब्बतीहरूविरुद्ध दुर्व्यवहार**
***नेपालले प्रदर्शनमा रोक लगाउने चीनको विश्वास***

**न्यूर्योक, जुलाई २४, २००८**

नेपाल सरकारले चीनको दवावमा सयौं तिब्बतीहरूलाई स्वेच्छाचारीरुपमा गिरफ्तार गरेको र तिब्बतमा सन् २००८ को मार्च महिनामा भएको दमनविरुद्ध प्रर्दशन गर्न पाउने उनीहरूको अधिकारमा बन्देज लगाएको ह्यूमन राईट्स वाचले आज सार्वजनिक गरेको एक नया प्रतिवेदनले जनाएको छ । ह्यूमन राईट्स वाचले नेपाललाई तिब्बतीहरूको स्वतन्त्र अभिव्यक्ति र भेला हुने स्वतन्त्रताको सम्मान गर्न र चीनलाई नेपालविरुद्धको दबाब अभियान रोक्न आह्वान गरेको छ ।

'नेपालको सरकार चीनको अनुरोध पालन गर्दै शान्तिपूर्ण तिब्बती प्रदर्शनकारीहरूविरुद्ध कठोर हुँदै गएको छ', ह्यूमन राईट्स वाचका एशिया निर्देशक ब्राड आडम्सले बताए । 'जनआन्दोलनकै बलमा बनेको सरकारले तिब्बतीहरूको शान्तिपूर्ण आन्दोलनलाई दवाउने कार्यको औचित्यता कसरी देखाउन सक्छ ?'

*'चीनलाई खुशी पार्दा: नेपालमा तिब्बतीहरूको अधिकारमाथिको बन्देज'* नामक ६० पृष्ठको प्रतिवेदनले नेपाली अधिकारीहरू द्धारा गरीएका थुप्रै मानव अधिकारको उल्लंघनको अभिलेखिकरण गरेको छ र त्यसमा पनि विशेषगरी प्रहरीबाट काठमाडौंमा शान्तिपूर्ण प्रर्दशनमा संलग्न तिब्बतीहरूविरुद्ध भएको उल्लंघनका घटनाहरुमा बिशेष केन्द्रित छ । जसमा:

- अनावश्यक तथा अत्याधिक बलको प्रयोग;
- स्वेच्छाचारी पक्राउ;
- गिरफ्तारीका क्रममा महिलाहरूमाथिको यौन दुर्व्यवहार;
- स्वेच्छाचारी तथा निवारक नजरवन्द;
- थुनाका क्रममा कुटपिट;
- तिब्बतीहरूलाई देशनिकाला गरी चीन फिर्ता पठाउने गैरकानुनी धम्की;
- काठमाडौं उपत्यकामा घुमफिरको स्वतन्त्रतामा बन्देज;
- तिब्बती तथा विदेशी पत्रकारहरूमाथिको दुर्व्यवहार;
- नेपाली, तिब्बती तथा विदेशी मानवअधिकार रक्षकहरूमाथिको दुर्व्यवहार;

लगायत मानवअधिकार उल्लंघनका कैंयौ घटनाहरूलाई समेटेको छ ।

यो प्रतिवेदन तयार गर्दा ह्यूमन राईट्स वाचले विरोध कार्यक्रम र गिरफ्तारी, थुनाको अवस्था र अस्पतालमा भएको उपचार कार्यहरूको प्रत्यक्ष अवलोकन गरेको थियो । ह्यूमन राईट्स वाचले काठमाडौंका तिब्बती समुदाय बसोबास गर्ने क्षेत्रको नियमित अवलोकन भ्रमण, ९० जनाभन्दा बढी तिब्बती प्रर्दशनकारीहरूसँग अन्तर्वार्ता र प्रदर्शनका गैर-तिब्बती प्रत्यक्षदर्शीहरू, तिब्बती समुदायका सदस्यहरू र धार्मिक नेताहरू, नेपाली चिकित्सकहरू तथा प्रहरी अधिकारीहरू एवम् नेपालस्थित संयुक्त राष्ट्रसंघीय अधिकारीहरूसँग अन्तर्वार्ता गरेको थियो ।

तिब्बतसँग सीमा जोडिएको एवम् शरण, निर्वासन र आश्रय खोज्ने लगभश २०,००० तिब्बतीहरूको घरका रुपमा रहेको नेपालमा मार्च १०, 'तिब्बती राष्ट्रिय विद्रोह दिवस' अर्थात् सन् १९५९ मा तिब्बतमा बेइजिंग शासनविरुद्धको विद्रोहको वार्षिकीको दिनदेखि कैयौं विरोध कार्यक्रमहरू भएका छन् । तिब्बत र त्यस नजिकका क्षेत्रहरूमा चिनिँया सरकारको हिंसात्मक दमनविरुद्धको प्रतिक्रियास्वरुप काठमाडौंमा विरोध र प्रर्दशनहरू सशक्त हुँदै गयो ।

नेपाल सरकारले मार्च १० र जुलाई १८ को बीचमा कम्तीमा ८,३५० तिब्बती नागरिकलाई पक्राउ गरेको छ, जसमध्ये धेरैजसो व्यक्तिहरू एकभन्दा धेरै पटक पक्राउ परेका छन् । मे महिनादेखि विरोध कार्यक्रमको संख्यामा कमी आए तापनि विरोध निरन्तररुपमा चली नै रहेको छ । गिरफ्तार गरिएकामध्ये केहीलाई थुनाको कारण जानकारी उपलब्ध गराइएको छ, र प्रायजसो सबैजना विना कुनै आरोप रिहा भएका छन् ।

ह्यूमन राईट्स वाचका अनुसार नेपाल प्रहरीले गिरफ्तारीका क्रममा अनावश्यक वा अत्यधिक बल प्रयोग गरेको, र धेरैजसो घटनामा शान्तिपूर्ण प्रदर्शनकारीलाई तीतरवितर गर्ने उद्देश्यले यसो गरिएको छ । पक्राउका क्रममा प्रहरीले प्रदर्शनकारीको टाउको र शरीरमा लाठी प्रहार गरेको, लात्ती र मुक्का हान्नुका साथै तिब्बती महिलाहरूलाई यौन दुर्व्यवहार गरेको छ । विशेषगरी प्रहरीले पक्राउ परेका प्रदर्शनकारीहरूलाई बौद्ध प्रहरी चौकीमा निर्ममतापूर्वक कुटपीट गरेको छ । पक्राउका दौरानमा घाइते भएका लगायत धेरै थुनुवाहरूलाई केही अवस्थामा न्यूनतम स्वास्थ्य सेवा उपलब्ध गराइएको छ भने केही अवस्थामा स्वास्थ्य सेवा उपलब्ध नै गराइएको छैन् । भविष्यमा हुनसक्ने प्रदर्शन रोक्नका लागि प्रहरीले हिंसाको धम्की, यौनजन्य धाक, धम्की र चीन फिर्ता पठाउने धम्की पनि प्रयोग गरेको देखिन्छ ।

आडम्सका अनुसार, 'निर्वासित तिब्बतीहरूका लागि काठमाडौंले दशकौंदेखि बासस्थान उपलब्ध गराएको थियो । नेपाली अधिकारीहरू चिनीयाँ सरकारको दबावमा परेकाले हाल सो अवस्था खतरामा परेको छ ।'

तिब्बती प्रदर्शनकारीहरूविरुद्ध नेपाल सरकारबाट भएको दमनमा चीनले महत्वपूर्ण  र कुनै कुनै समयमा अस्पष्ट भूमिका खेलेको छ । नेपालका लागि चीनका राजदूत झेङ्ग जियाङ्गलिनले नियमित तथा कडा वक्तव्यहरूमार्फत् सार्वजनिकरुपमा नेपाली सरकारलाई प्रदर्शनकारीहरूको पक्राउ र कठोर कारवाहीका लागि चिनीयाँ दवाब दिएका छन् । उदाहरणका लागि, मे १२ का दिन  जियाङ्गलिनले 'नेपालमा चीनविरोधी क्रियाकलापमा संलग्न हुनेहरूविरुद्ध नेपाल सरकारले कडा दण्ड-सजाय देओस् भन्ने हामी चाहन्छौँ' भने ।

चीनविरोधी क्रियाकलापहरूमा रोक लगाउनुपर्ने उल्लेख गर्दै नेपाली नेताहरूबाट पटक-पटक जारी गरिएको  असामान्य व्यक्तव्यहरूले बेइजिंगको बढ्दो दबाबको संकेत गर्दछ ।

'चीनले धेरै अगाडिदेखि नै आफ्नो परराष्ट्र नीति अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने रहेको दावी गरेको छ । यसो भए तापनि चीनले शान्तीपूर्वक प्रदर्शन गरिरहेका प्रदर्शनकारीहरूविरुद्ध कारवाही गर्न नेपाली अधिकारीहरूलाई प्रत्यक्षरुपमा आह्वान गरेको छ' आडम्सले बताए ।  'नेपाल-चीन सिमानामा तिब्बतीहरूलाई दुर्व्यवहार गर्ने बेइजिंगको प्रयास तुरुन्त बन्द गरिनुपर्छ र नेपाल सरकारद्वारा त्यस्तो कार्यको दृढ प्रतिरोध हुनुपर्छ ।'

ह्यूमन राईट्स वाचद्वारा अन्तर्वार्ता लिइएका लगभग हरेक तिब्बती प्रदर्शनकारीले उनीहरूलाई चीनमा फिर्ता पठाउने धम्की नेपाली अधिकारीहरूबाट दिइएको उल्लेख गरे । तिब्बती समुदायमा डर फैलाउने र भविष्यमा हुनसक्ने प्रर्दशनलाई हतोत्साही पार्ने उद्देश्यले गिरफ्तारी तथा थुनाको समयमा यस्ता धम्कीको प्रयोग गरेको देखिन्छ । अधिकारीहरूद्वारा यस्तो धम्कीको व्यापक प्रयोगले नेपाली सरकारको नीति संकेत गर्दछ ।

आडम्सका अनुसार 'शान्तिपूर्ण प्रर्दशनलाई निरुत्साहित गर्न नेपाल सरकारद्वारा पक्राउ गर्ने र चीन फिर्ता पठाउने धम्कीको प्रयोग भइरहेको छ ।'

तिब्बती नागरिकहरूको शान्तिपूर्वक भेला हुने र अभिव्यक्तिको आधारभूत अधिकारको रक्षा गर्न र त्यस्ता कार्यहरूमा संलग्नहरूको स्वेच्छाचारी गिरफ्तारी, दमन र दुर्व्यवहारको अन्त्य गर्न ह्यूमन राईट्स वाच नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, तिब्बतीहरूको मानवअधिकार हननका लागि चिनियाँ सरकारले सार्वजनिक र गोप्यरुपमा नेपाल सरकारलाई दिँदैआएको दबाबको अन्त्य गर्न समेत ह्यूमन राईट्स वाच आग्रह गर्दछ ।

**तिब्बती प्रदर्शनकारीहरू आफ्नै शब्दमा :**

'म शान्तिपूर्वक प्रदर्शन गरिरहेको समयमा प्रहरीले मलाई टाउकोमा प्रहार गऱ्यो र म जमिनमा लड्न पुगें । त्यसपछि मलाई तीनजना प्रहरीले खुट्टा र पैंतालामा लाठिले हानेर हिंडे । सडकमा हिँडिरहेका व्यक्तिहरूले मलाई घरसम्म ल्याउन सहयोग गरे । मेरो दुवै खुट्टा भाँचिएको छ । डाक्टरका अनुसार मेरो बायाँ खुट्टा कहिल्यै पनि पहिलाको जस्तो हुनेछैन ।'

*एक तिब्बती, २५ वर्ष, काठमाडौं, १९ मार्च २००८*

'हामि प्रदर्शन गरिरहेका छौं किनकी हामि हाम्रो देशसम्बन्धी सत्य तथ्य बताउन चाहन्छौँ, र हामी संयुक्त राष्ट्रसंघ र मानवअधिकारबाट न्याय चाहन्छौँ । हामी अन्य देशहरूलाई तिब्बतको वास्तविक अवस्था देखाउन चाहन्छौं । त्यही नै हाम्रो उद्देश्य हो ।'

*एक भिक्षुणी, स्वयम्भू, काठमाडौं, २९ मार्च २००८*

प्रहरीले मेरो साथीलाई लान खोजेका थियो, त्यसैले मैले उसलाई बचाउने प्रयास गरें । त्यसपछि प्रहरीले मलाई लाठी हान्न खोज्यो, र मैले आफूलाई बचाउन दुबै हातले छेकें । त्यसबाट मेरो हातमा गहिरो चोट लाग्यो । त्यसपछि म जमिनमा लडें र प्रहरीले मलाई पिट्न थाल्यो । त्यसबाट मेरो ढाड एकदमै सुन्नियो । म हिंड्न नसक्ने भएकाले मलाई साथीहरूले डोऱ्याए, र त्यसपछि प्रहरीले मलाई भ्यानमा हाल्यो ।

*एक प्रदर्शनकारी, वर्ष २५*

सार्वजनिकीकरण पछि यो प्रतिवेदन http://hrw.org/reports/2008/tibetnepal0708/ मा उपलब्ध हुनेछ ।

**थप जानकारीका लागि निम्नलिखित व्यक्तिहरूलाई सम्पर्क गर्नुहोस् ।**

लण्डनमा ब्राड आडम्स (अंग्रेजी): +४४-२०-७७१३-२७६७, +४४-२०-७९०८-७२८३३३ (मोवाइल)

हङ्गकङ्गमा निकोलस बेक्वेलिन (मान्डारिन, अंग्रेजी, फ्रेञ्च): +८५२-९८०-५९१२० (मोवाइल)

ब्रशेल्समा रिड ब्रोडी (अंग्रेजी, फ्रेञ्च, स्पेनिश, पोर्चुगल): +३२-२-७३७-१४८९, +३२-४९८-६२५७८६ (मोवाइल)

मुम्बईमा मिनाक्षी गांगुली (बंगाली, हिन्दी, अंग्रेजी): +९१-९८२००३६०३२ (मोवाईल)

वासिंगटन डीसीमा सोफी रिचर्डसन (मान्डारिन, अंग्रेजी): +१-२०२-६१२-४३४१, +१-९१७-७२१-७४७३ (मोवाइल)

न्यूयोर्कमा, एलाईन पियरसन (अंग्रेजी): +१-२१२-२१६-१२१३, +१-६४६-२९१-७१६९ (मोवाइल)